जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १५, २०८२ कात्तिक २० गते विहीबार, 6 Nov 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

भौतिक संरचना बन्यो



कार्यविधि नबन्दा परियोजना अलपत्र

○ सहीखबर संवाददाता

मकवानपुर । दुरगामी सोच र परिकल्पनाका साथ सुरू गरिएका योजनाहरू बारम्बार हुने सरकार परिवर्तनको मारमा पर्ने गरेका छन् । भौतिक संरचना निर्माण सम्पन्न हुदा पनि कार्यविधिमाथि स्पष्ट निक्यौलमा पुग्न नसक्दा ३ वर्षदेखि परि योजना अलपत्र रहेको छ ।

सरकार परिवर्तनसँगै नेतृत्व गर्नेहरूको बुझाइका कारण कार्यविधि निर्माणमा समस्या हुने गरेको पाइएको छ । भौतिक रूपमा पुरा भएको संरचनाहरू पनि ठोस योजना र कार्यविधि बिना अपत्र परिरहेका छन् । यस्तै पछिल्लो एउटा उदाहर ण हो बागमती प्रदेश सरकारले ४७ करोड रूपियाँ खर्चेर निर्माण सम्पन्न गरेको धुलो दुध पाउडर प्लाण्ट । दुई वर्ष अघि निर्माण गरेको धुलो दुध कारखाना अहिलेसम्म परीक्षण उत्पादनमै सीमित छ । यति ठूलो लगानीमा निर्माण भएको यो कारखाना सञ्चालनका लागि प्रदेश सरकार ले अहिलेसम्म पनि सञ्चालन मोडालिटी के हुने भनेर नै दुङ्ग्याउन सकेको छैन ।

कारखाना स्थापना भएपछि प्रदेश सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले कारखानाबाट धुलो दूध उत्पादनका लागि दुग्ध विकास संस्थान (डिडिसी)लाई जिम्मा दिएको थियो । विसं २०७७ मा निर्माण सुरू भएको कार खानाबाट २०८० साल मङ्सिर बाट परीक्षण उत्पादन सुरू गरि एको थियो । परिक्षण उत्पादन सफल भयो तर अब कुन निकायले कुन रूपमा उद्योग सञ्चालनमा ल्याउने भन्ने दुङ्गोमा पुग्न सकेको छैन ।“डिडिसीसँग परीक्षणका लागि सम्झौता भएको हो, कारखाना सञ्चालनका लागि भने गत वर्ष नै अध्ययन भएर प्रतिवेदन प्राप्त भइसकेको छ, सोही आधारमा वित्तीय विश्लेषणपछि सञ्चालन मोडालिटी टुङ्गो लाग्छ”, प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाका निर्देशक डा रामप्रकाश प्रधानले भने ।

यसको लागि अघिल्लो वर्ष नै प्रतिवेदन प्राप्त गरेर पनि बोर्डले हालसम्म पनि कुन निर्णयमा पुग्न सकेको छैन । निर्देशक प्रधानका अनुसार अहिले पनि प्रदेश सर कार आफैले सञ्चालन गर्ने वा विशिष्ट सहकारी, निजी कम्पनी, दुग्ध वितरण आयोजना वा पिपिपि (सार्वजनिक, निजी र सहकारी) मोडलमा गर्ने भन्ने छलफल सकिएको छैन ।

“कारखाना निर्माण गर्दा नै सञ्चालन मोडालिटी नबनाउनु हाम्रो कमजोरी हो, अहिले कार्यविधि नहुँदा सञ्चालनमा समस्या भएको छ, हामीले योजनाबद्ध रूपमा काम गर्न नसकेको हो”, उनले थपे ।

प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेल भने कारखाना सञ्चालनका लागि कार्यविधि अन्तिम चरणमा पुगेका दाबी गर्नुहुन्छ । प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष हरि प्रसाद पौडेल भने धुलो दूध कारखाना स्थापना गरेपछि किसानलाई दूध उत्पादनमा प्रोत्साहन गर्नुपर्ने भए पनि त्यो हुन नसकेको बताउनुहुन्छ । किसानले उत्पादन गरेको दूध बजारमै खपत भएकाले दूध कार खानासम्म आउन नसकेको उनको बुझाइ छ ।

हेटौंडा दुग्ध वितरण आयोजना (डिडिसी) का निमित्त आयोजना प्रमुख अञ्जन अधिकारीले हालसम्म परीक्षणअन्तर्गत ४४ लाख लिटर दूध प्रशोधन गरी चारसय मेट्रिकटन धुलो दूध र दुई सय मेट्रिकटन बटर उत्पादन भइसकेको छ । बागमती प्रदेशमा उत्पादन भएको दूध प्रदेशका काठमाडौंलगायतका शहरमा खपत हुन्छ, बागमतीलाई पुग्ने बजार यही छ, बाटो बिग्रदा मात्रै दूध मौज्दातमा रहने हो, अरू अवस्थामा धुलो दूध कारखाना नै आवश्यक छैन ।

कारखाना स्थापनाका लागि विसं २०७७ पुस १ गते इजीइन्फ्रा प्रालिसँग ४१ करोड ३३ लाख ७१ हजार रूपियाँमा एक वर्षमा निर्माण पूरा गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । तर कोरोना महामारीलगायतका कारणले तीन पटक म्याद थप भएको थियो । पटक(पटक म्याद थप हुँदा सुरूआती ४१ करोड ३३ लाख रूपियाँ लागत बढेर ४७ करोड रूपियाँ पुगेको प्रदेश दुग्ध विकास बोर्डले जनाएको छ ।

प्लान्ट चलाउने दीर्घकालीन योजना नहुँदा उद्योगको मेसिनरी सामग्रीको जोखिम हुन नदिन मन्त्रालयले कारखानाको अस्थायी सञ्चालन डीडीसीलाई दिँदै आएको छ । आवश्यकता अनुसार डीडीसीले कारखानालाई परीक्षणका रुपमा सञ्चालन गरिरहेको छ ।

प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौता अनुसार डीडीसीले प्लान्टको विगत डेढ वर्षदेखि परीक्षणका रुपमा सञ्चालन गर्दै आएको हो । हेटौंडास्थित पशु आहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा बागमती प्रदेश सरकारले ४७ करोड ३३ लाख ३३ हजार ५ सय ८१ रूपैयाँ लागतमा धुलो दूध कारखाना (पाउडर प्लान्ट) स्थापना गरेको थियो ।

१६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको कारखाना निर्माण कार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गर ेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड ३३ लाख ७१ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । तीन पटक म्याद थप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड रूपैयाँ पुगेको मन्त्रालयले जनाएको छ ।

कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको छ । नियमित सञ्चालनमा आए पाउडर प्लान्टबाट प्रतिदिन ५ टन र प्रतिवर्ष १ हजार ५ सय टन धुलो दूध उत्पादन गर्न सकिने मन्त्रालयले जनाएको छ । किसानले उत्पादन गरेको दूधबाट दैनिक ५ टन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कार खानाको छ । बागमती प्रदेशमा वार्षिक ४ लाख ५५ हजार १ सय ४२ टन दूध उत्पादन भइरहेको मन्त्रालयको अनुमान छ । प्रदेशका चितवन, काभ्रे, सिन्धुली, धादिङ र मकवानपुरमा धेरै दूध उत्पादन हुन्छ । प्रदेशका अधिकांश किसान गाईभैंसी पालनबाट आत्मनिर्भर छन् ।

हेटौंडा महिलामैत्री शहर

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका महिलामैत्री शहर हुने भएको छ ।

हेटौंडा उपमहानगरपालिका र संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय युएनओपिएसबिच परियोजना सहयोग सम्झौतामा मंगलबार हस्ताक्षर भएसंगै हेटौंडा महिलामैत्री र जलवायु प्रतिरोधी शहरको रुपमा विकास हुने भएको हो ।

सम्झौता अनुसार युएनओपिएसको 'सिटीज फर वुमन: नेपालमा समावेशी र जलवायु प्रतिरोधी शहरीकरण' परियोजनाले हेटौंडालाई १ लाख ८४ हजार अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराउनेछ । परि योजना कार्यान्वयनका लागि उपमहानगरपालिकाले ३० प्रतिशत लागत सहभागीता समेत गरि करिब ३ करोड ५० लाखको लागतमा योजना कार्यान्वयन गरिने भएको हो।

महिला मैत्री सहर निर्माण अभियान अन्तरगत हेटौंडा ४ को हुप्राक्षेत्र, हेटौंडा ८ को चिल्ड्रेन पार्क र हेटौंडा १० को भुटनदेवी सामुदायिक वन क्षेत्र लगायतका क्षेत्रका सार्वजनिक स्थललाई व्यवस्थित र सुविधा सम्पन्न बनाईने छ । 'सिटीज फर वुमन' परियोजनाको मुख्य उद्देश्य तीव्र शहरीकरण र बढ्दो जलवायु जोखिमले सिर्जना गरेका चुनौतीहरुलाई सामना गर्नु रहेको छ । परियोजनाले लैंगिक उत्तरदायी र जलवायु प्रतिरोधी सार्वजनिक खुला स्थानहरुको योजना, डिजाइन र निर्माणमार्फत नगरपालिकाहरुलाई सहयोग गर्दै आएको बताइएको छ ।

युरोपेली सं र सुओमी फिनल्याण्डको आर्थिक सहयोगमा युएनओपिएस, युएन हाविटाट र सिटिज एलायन्सद्वारा संयुक्त रुपमा चार वर्षको अवधिमा परियोजना कार्यान्वयन गरिने बताइएको छ ।

मंगलबार भएको सम्झौताले स्थानीय तहका योजनाहरुमा समावेशी र जलवायु प्रतिरोधी शहरी विकासलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने नगर पालिकाले विश्वास गरेको छ । नगर प्रमुख मिना लामाले सम्झौता गरि एको परियोजनाले महिलाका साथै अन्य समुदायलाई समेत नगरका योजना प्रक्रियामा सहभागी गराउन अवसर सिर्जना गर्ने बताइन् ।

'शहरी क्षेत्रमा बसोबास गर्ने महिलाहरूले अहिले पनि हिंसा लगायतक समस्या सामाना गर्नु परिरहेको अबस्थामा हेटौंडालाई महिला मैत्री शहर बनाउन गरिएको सम्झौता महत्वपूर्ण हुनेछ' उनले भनिन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

समावेशी समाजको आवश्यकता

समावेशी समाज केवल एउटा राजनीतिक वा सामाजिक नारामात्र होइन,यो न्याय, समानता र शान्तिपूर्ण सहअस्तित्वको आधार हो। आजको विश्वले सहअस्तित्व र विविधताको सम्मानलाई आधुनिक सभ्यताको मापदण्डका रुपमा लिएको छ। नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशमा समावेशी समाज निर्माण कुनै विकल्प होइन यो अस्तित्वको आवश्यकता हो। समाजमा समावेशीता भन्नाले सबै वर्ग, समुदाय र पहिचानका मानिसलाई समान अवसर र सम्मानका साथ सहभागी गराउने व्यवस्था हो। चाहे ती महिला हुन् वा पुरूष, दलित हुन् वा जनजाति, मधेसी हुन् वा पहाडी, अपाङ्गता भएका व्यक्ति हुन् वा सीमान्तकृत वर्ग सबैले राज्यको नीति, निर्णय र अवसरमा समान पहुँच पाउनुपर्छ। तर व्यवहारमा हेर्दा आज पनि नेपालमा असमानताको गहिरो खाडल देखिन्छ। धेरै नागरिक आज पनि अवसर र प्रतिनिधित्वको ढोका बाहिर उभिएका छन्।

संविधानले समान अधिकार र अवसर को ग्यारेन्टी गरे पनि व्यवहारमा त्यो समानता अझै संस्थागत हुन सकेको छैन। शिक्षा, स्वास्थ्य, रोजगारी, प्रशासनिक निर्णय र राजनीतिक नेतृत्वमा केही वर्ग र क्षेत्र अझै पनि वञ्चित छन्। यही वञ्चना नै सामाजिक असन्तुलन र असन्तुष्टिको मूल कारण हो। समाजको एक भाग अघि बढ्दा अर्को भाग पछाडि छुटिरहयो भने त्यो समाज दिगो विकासतर्फ उन्मुख हुन सक्दैन।

समावेशी समाज निर्माणको पहिलो सर्त हो सबै नागरिकलाई सम्मानका साथ स्वीकार्ने सोच। विविधता नै हाम्रो शक्ति हो भन्ने बुझाइ विकसित गर्न आवश्यक छ। राज्यका नीतिहरु, विकास योजना र संस्थागत संरचना सबैले समान पहुँच र प्रतिनिधित्वलाई प्राथमिकतामा राख्नुपर्छ। शिक्षा प्रणालीले विविधता र सहिष्णुताको भावना बाल्यकालदेखि नै जगाउनुपर्छ, जसले भविष्यमा असमानताको मानसिकता हटाउन मद्दत गर्छ।

कपालमाथि नियम र प्रश्न

समीक्षा गाहा

सुवासमाको खाँदबारीस्थित हिमालय माध्यमिक विद्यालयले छात्रलाई अनिवार्य ढाका टोपी र छात्रालाई अनिवार्य दुई चुल्ठी बाटेर तोकिएको रिबन बाँधेर स्कुल आउनुपर्ने नियम २०८० जेठ २५ गते बनायो । राष्ट्रियताप्रतिको सम्मान र नेपाली संस्कृतिको पहिचानको लागि त्यस्तो नियम बनाइएको स्कुलको तर्क रहेछ । त्यस्तो थाहा पाएपछि सामाजिक सञ्जालहरुमा धेरैले फोटो शेयर गर्दै आफूलाई त्यस्तो कदम सही नलागेको कुरा लेखे । करौ करौले स्कुललाई धन्यवाद पनि दिए ।

महिलाको कपाललाई सौन्दर्यको रुपमा बुझ्ने र मान्नेहरु समाजमा अझै छन् । करौको लामो कपाल छ भने कतिपयले 'कति राम्रो' भन्न म्याएका हुन्छन् । त्यसो नभने पनि सबैजसोले लामो कपाललाई राम्रो मानेकै हुन्छन् भन्ने बुझाइ छ । तिनको दिमागबाट मानव विकासको चरण कहाँबाट कहाँ पुगिसक्यो भन्ने कुराको हेक्का नै हराउँछ बेला बेलामा ।

राजनीतिक परिवर्तनका लागि महिलाले आफ्ना मुद्दासहित लडेको फलस्वरुप समतामूलक संविधान पनि लेखियो तर सामाजिक विभेदका जराहरु काटिएननन् । जमिनमुनि नै रहेर तिनले मानिसको दिमागमा सामाजिक विभेदका भावलाई जगाइरहेका छन् । लामो, सिधा, सर्लक्क परेको कपाल भएकी छोरीमान्छे देख्यो भने तिनको बानीबेहोरा नै नहेरी संस्कारी ठान्ने र भन्ने चलन यसैको एउटा उदाहरण हो ।

विद्यालय संरचनाले पनि त्यही चलनलाई धाप दिँदै छात्राहरुले दुईपट्टी बाटेर रिबन लगाउनुपर्छ भन्ने नियम बनाइदियो । यसो गर्दा राजनीतिक परिवर्तनको सार र संविधानको मर्म के हो भन्ने ख्याल नै राखिएन । त्यसमा राष्ट्रियताप्रतिको सम्मान र नेपाली संस्कृतिको पहिचान जस्ता खाइलाग्दा पदावली जोडेर महिला र पुरूषका बिचमा रहेका कृत्रिम विभेदका अवशेषलाई टेको लगाउन खोजियो ।

बुझ्नुपर्ने कुरा के हो भने नेपाली समाज यसरी पछि फर्किँदै जाने हो भने पुग्ने कहाँ त ? के समयको त्यही धरातलमा पुग्ने हो, जहाँ कुनै महिलाले आफ्नो कपाललाई नबाँधी छोडेको देखियो भने अशुभ मान्ने, हैकम भएकाले सोझै गाली गर्ने र अरुहरुले 'झ्याँक्रा फिँजाएको' भन्दै आपसमा कुरा काट्ने गरिन्थ्यो । आफूखुसी काट्न र कटाउन त के छोड्न पनि नहुने गरी महिलालाई कपालका सवालमा अनेकतिरबाट कसिकसाउ गर्ने गरिन्थ्यो ।

अहिलेसम्म पनि कतिपय ठाउँमा विवाहित महिलाले कपाल कटाउनु भनेको त घरको शोभा घटाउनु हो भन्ने पनि रहेछन् । बुझ्नुपर्ने कुरा त के भने यस्ता सोचले ग्रस्त भएका मानिसले भरिएको घरको शोभा बढाउने जिम्मा त्यस घरका महिलाको मात्र होइन । परिवारका सबैले समयको विश्वव्यापी पदचापसँगै व्यावहारिक भएर अघि बढ्न जरूरी छ । परिवारमा एकले अर्काको मनोभाव र सामर्थ्यलाई बुझ्ने अनि साथ दिनेहरुले मात्र आआफ्नो घरको शोभा बढाउन सक्छन् ।

घरको शोभा बढाउनका लागि आर्थिक आत्मनिर्भरताको राप पनि चाहिन्छ । यसैले कपाललाई महिलाको सौन्दर्य र गहना भनिँदै आएको घर र समाज पनि हिजोआज बदलिन बाध्य छ । राम्री देखिनभन्दा पनि आफ्नो व्यावहारिक सहजताको लागि कपाल छोटो बनाउने महिलाको सङ्ख्या बढ्दै आएको देखिन्छ । कतिपय कामकाजी युवा महिलाले त आफूखुसी मुण्डन नै पनि गर्ने गरेका छन् ।

काटेर छोटो बनाइएको कपालमा देखिने कामकाजी र युवा महिलालाई चिनेकाले 'ब्वाइज कट' कपाल भएको भनी पहिचान थपिँदिने र नचिनेकाले केटा नै भन्ठाने गरेका हुन्छन् । करौ करौले 'करन्तो राम्रो सुहाएको' भनेर 'कम्प्लिमेन्ट' पनि दिने गर्छन् । जसले जे भने पनि आर्थिक रुपमा आत्मनिर्भर,सक्षम र स्वाभिमानी महिलालाई केही फरक परेको छैन । मेरो कपाल, मेरो चाहना, मेरो निर्णय भन्ने भाव उनीहरुमा छ ।

अर्कातिर छोरीको उमेर एकदुई वर्षको हुँदादेखि नै यसको कपाल राम्रो, बाक्लो, कालो, कैलो, पातलो, घुम्रिएको आदि भनेर अर्कासँग तुलना गर्दै कुरा काट्ने चलन पनि हराइसकेको छैन । त्यसमा पनि 'तुलो भएपछि यसको कपाल करन्तो आउने हो ?' भन्ने चिन्ताबाट सुरू हुन्छ अनि त्यो बढ्दै गएर 'छोरीमान्छेको कपाल त अलि लामो बाक्लो पो हुनुपर्छ' भन्ने तहमा पुग्छ ।

छोरीमान्छे हुकँदै गर्दा उनले आफ्नो कपालका बारेमा अरुले कुरा काटेको पनि सुन्नुपर्छ । त्यसमा विज्ञानसम्मत ज्ञान र विवेकसम्मत चेतविनाको बनिबनाउ भाष्यमा उनिएको असान्दर्भिक सोचले पनि भाउ पाउँछ । त्यसले उनको स्वाभाविक, सरल, असल र सहज व्यक्तित्व निर्माणको सम्भावनामा नकारात्मक असर पो पार्छ कि भनी बेलैमा ध्यान दिने र सही ढङ्गले सम्झाउने अभिभावक कमै छन् ।

किशोरावस्थाका छोरीमान्छेले कपाल काटेको देखे भने करौले त्यसलाई तिनको विवाहसँग जोडेर कुरा काट्छन् । 'विवाह गर्ने बेलामा किन कपाल काटेको ?', 'छोरी मान्छे, छोरा जस्तो देखियो', 'आइमाई' ले कपाल काटेको फिटिक्कै नसुहाउने' जस्ता भनाइ परिवारदेखि छिमेकी र अन्यत्र पनि तिनले यसरी सुन्नुपर्छ कि मानौं कपाल काटेर उनले ठुलै अपराध नै गरेकी हुन् । त्यही कुरालाई करौ करौले 'लामो लरक्क परेको कपाल महिलाको गहना हो' भन्ने तरिकाले पनि उठाउँछन् ।

मेरो एक जना साथीको अनुभव यहाँ उल्लेख गर्न चाहन्छु । ती साथीले स्नातकोत्तर तहको पढाइ सकिसकेकी छिन् । काठमाडौंमा जागिर खान्छिन् । पढाइ, कार्यालय र घरको काम त छँदैछ श्रीमान्को लागि आवश्यक खर्च पनि उनैले पुऱ्याउँछिन् । श्रीमान्को कमाइ नियमित छैन, कहिलेकाहीं मात्रै हुन्छ रे !

व्यस्त कामको रूटिनमा लामो कपालको स्याहार गर्नुभन्दा छोटो पार्नु नै ठिक ठानेर दुई वर्षअघि उनले कपाल छोटो हुने गरी कटाइन् । लामो कपाल काटेपछि त उनलाई सोचेभन्दा धेरै नै सजिलो भयो । त्यसपछि उनले लगभग दुई वर्ष आ नो कपाललाई लामो हुन दिएर यसै छाडिनन्, बेला बेलामा कटाउने गरिन् । त्यो कुरा उनको श्रीमान्लाई मने चित्त बुझ्केन किनकि केटा जस्तो देखियो रे !

'बिहे गरेको मान्छे, के केटा जस्तो बनेर हिँडेको ?' भन्ने प्रश्न दैनिकजसो आउन थाल्यो । झन्डै दुई वर्षपछि श्रीमान्कै जिद्दीका कारण मेरी साथीले कपाल कटाउन छाडेर पाल्न थालिन् । महिला भएपछि कपाल लामै हुनुपर्छ भन्ने अव्यावहारिक,

समाजमा श्रीमान्को अबुझ इच्छाका अगाडि आफ्नो रहर मार्ने मेरी साथी एक्ली पात्र होइनन् । उनका श्रीमान् पनि एउटा प्रतिनिधि पात्र मात्र हुन् । पछिल्लो समय कपाल काटेर छोटो बनाउँदा सहज अनुभव गर्ने महिलाहरु समाजमा बढ्दै गएका छन् । सबै पुरूषहरु मेरी साथीकै श्रीमान् जस्ता कट्टर पनि छैनन् । श्रीमतीलाई छोटो कपालमा राम्री देख्न चाहने पुरूष पनि छन् । अहिले मात्र होइन, पहिले पनि यस्ता पुरूष रहेछन् भन्ने कुरा आठ दशक उमेर काटिसकेकी उद्यमी इन्दिरा सापकोटाको कपाल कटाइको रहस्य बुझ्दा थाहा हुन्छ ।

समाजशास्त्री डा. मीना पौडेलले पनि सहजतासँगै धेरै कुराको फाइदा हुने भनी सोचविचार गरेरै कपाल छोटो बनाउन थाल्नुभएको वर्षौं भयो । उता ४० वर्षको उमेरताका आफ्नै श्रीमान्ले 'राम्रो देखिने' भन्दै रहर गरेपछि कपाल कटाउनुभएकी इन्दिराले पनि राम्रोभन्दा बढी सजिलो अनुभव गर्नुभयो । त्यसपछि आमाले माइतको ढोका नै बन्द गरिदिए पनि उहाँले आफ्नो कपाललाई कहिल्यै लामो हुन दिनु भएन ।

अहिले युवा उमेरका कतिपय महिलाले 'मैले कपाल किन पाल्नैपर्ने ?' भनेर प्रश्न गर्दै पनि कपाल काटेका मात्रै छैनन्, मुण्डन नै गरेर अलौकिक अनुभव गरेका पनि छन् । यसमित्रको समाजशास्त्र, मनोविज्ञान अनि यससँग जोडिएको अर्थशास्त्रलाई बुझ्केका छन् । सोह्र शृङ्गारको रागसँगै सौन्दर्यकरण र बजारीकरणको निहित स्वार्थलाई पनि बुझ्केका छन् । बाल्यकालदेखि नै लामो कपाल पालेर स्याहार्दै आएका तर युवावस्थामा आत्मनिर्भर हुँदै गर्दा सहजताका लागि कपाल कटाएका अनि सानैदेखि कपाल काट्दै आएका केही युवा महिलासँग गरिएको कुराकानीले यस्ता विविध पक्षलाई देखाएको छ । अहिलेका महिलाको व्यक्तित्व र जीवनशैली पहिलेको जस्तो घरमै रहेर र सजिएर बस्ने व्यक्तिमा सीमित छैन । त्यसरी आलङ्कारिक मात्रै भएर रहन खोज्नेलाई समाजमा व्यक्तिको रुपमा उचित भाउ मिल्नेवाला पनि छैन ।

शिक्षादीक्षा, रोजगारी, जिम्मेवारी निर्वाहका लागि पनि फरक ढङ्गले प्रस्तुत हुनुपर्ने अवस्था आदिका कारण महिलाको जीवनदृष्टि फेरिँदै आएको छ । महिलालाई हेर्ने र सम्मानजनक पहिचान दिने आधार र जीवनमूल्य पनि फेरिँदै आएका छन् । छोटो समयमै हुने गरेका राजनीतिक परिवर्तनसँगै मिसिएर आइरहेका समतामूलक र समन्यायिक सामाजिक परिवर्तनलाई पछाडि धकेल्न सम्भव छैन ।

जहिले पनि परिवर्तनका लहरको दोसाँधमा रहँदै अघि बढिरहेको नेपाली समाज अहिले पनि मिश्रित र विविधि देखिने गरेको छ । देशको राजधानी काठमाडौं विविधताले भरिएको नेपाली समाजको प्रमुख सङ्गमस्थल हो । यसैले 'सन्धान' को तर्फबाट मैले दुई वर्षयता काठमाडौंमा भेटिएका त्यस्ता महिलासँग कुराकानी गरेँ, जसमध्ये धेरैले लामो समयदेखि आफ्नो कपाल छोटो पारेका थिए । केही युवा महिलाले त आफूखुसी खौरिएका पनि थिए ।


बाँकी पेज ४ र ५ मा

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ कात्तिक २० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०



यात्रा सस्मरण

अन्नपूर्णको पेरिफेरी

पहाड चढ्नु मात्रै होइन, यात्राका क्रममा देखिने जनजीवनले थुप्रै जीवन उपयोगी कुरा सिक्न र देख्न पाइँदो रहेछ। आफ्नो देशको भूगोल, कला संस्कृति र सभ्यता बुझ्न तथा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्‍याउन समेत पनि पदयात्रा गर्न जरूरी देखिन्छ ।


Photo: RP Guragain

○ आरपी गुरागाई

पदयात्राको सुरूवात १७५० मिटर उचाइबाट सुरू हुँदा दाङका सविन शर्मा उत्साहित थिए । सुरूमै नाक ठोक्किने उकालो उक्लिएपछि थाकेका गोडा पटक्कै सार्न नसक्ने गरी दुखे, मन मने पद यात्रा राक्न मानिरहेको थिएन । दक्षिण दिशाबाट अन्नपूर्णको फेदीमै पुग्ने र वरिपरी हिमालको दृश्यावलोकन गर्ने उनको इच्छाशक्ति सामु थकित शरीर र गलेका गोडाले अवरोध भएनन् ।

२०८२ सालको तिहार सांघारमा थियो । पारिवारिक शोकको कारण पर्व मनाउने नमिल्ने र पर्व नमनाउनेहरूको सानो समूह हेटौंडामा तय भयो । पदमार्गको लागि निस्किंयो टोली हेटौंडाबाट । तिहारको केही समय अघी साथीहरूको मेसेन्जर ग्रुपमा एबीसी पदयात्रा तिहार पछि जाने मेसेज छोडेको । केहीले चासो देखाए । चासो देखाउने मध्येका एक हरेराम आचार्यसँग भेट गरेपछि तिहारपछि भन्दा अघी नै जानु उपयुक्त हुने दुङ्गोमा पुग्यौ ।

तिहारको सुरूवातमै हिड्नेकी तिहार साकिएपछि भन्ने समय नदुङ्गिएकै बेला ३ कात्तिक २०८२ को विहान तीनै जनाले चिया गफबाट मिति दुङ्याउने गरी बस्यौं करिब एक घण्टापछि हामीले निर्णय लियौं सोही दिन बेलुकाको बसबाट पोखरा जाने र भोलीपल्टको बिहानबाट यात्रा सुरू गर्ने ।

नेपालमा पदयात्राका लागि असोज कात्तिक र चैत बैशाखको याम उत्तम मानिन्छ। गन्तव्यस्थलमा पर्यटकको आउजाउ बाक्लिएको छ। पदयात्रामा रमाउनेको सङ्ख्या पनि उल्लेख्य छ। कुनै समय विदेशी पर्यटकले चिनाएको नेपालको पदयात्रा पर्यटन पछिल्लो समय आन्तरिक पर्यटकमाझ पनि उत्तिकै लोकप्रिय छ। नेपालको प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द बटुल्न मानिसहरु पदयात्रामा निस्कन्छन्। शारीरिक, मानिसक स्वास्थ्य र तन्दुरुस्तीका दृष्टिले पनि पदयात्रा गर्नु उपयुक्त मानिन्छ।

रात्रीबसमा पोखरा गएर पदयात्रा मार्ग मिनुडाँडासम्म सानो गाडीमा जाने सहमती यात्रामा सहभागी हरेराम आचार्य र म र शर्माको भयो । तिहार पर्वको रमाइलो अन्नपूर्ण क्षेत्र र पदयात्रा मै गर्ने थोरै तयारी गर्दै हामी पदयात्रामा निस्किंयौं हेटौंडाबाट । पछिल्लो समय फुर्सदमा पदयात्रामा निस्कने संस्कार को विकास हुन थालेको छ। युवा पुस्तादेखि पाका पुस्तासमेत पदयात्रामा रमाउन थालेका छन्। घुम्न जाने गन्तव्यको रूपमा एबीसी दक्षिण जाने मैले गरेको प्रस्ताव पारित भएको थियो हरेराम आचार्यबाट । हामी तिनै जनाको तिहार विविध कारण रोकिएको थियो । यसै अवसरको सदुपयोग गर्दै एबीसी पदयात्रा रोजियो ।

मैले पहिलो पटक पदयात्राको अनुभव लिदैं थिए । एक दिनको हाइकिङ त धेरै गरेको छु तर ४/५ दिन लगातार हिड्दै उचाइमा गरिने पदयात्रा पहिलो पटक गर्दै थिए । जब पदयात्रा सकेर फर्किंओं प्राकृतिक दृश्यसँगै केही फरक अनुभूति गर्ने अवसर पाइएको तीनै जनाको अनुभूति रह्यो । हामीलाई कात्तिक ४ गते बिहान ४ बजे पोखरा उपमहानगरपालिकाको वडा नम्बर १ र २ को सिमानामा रहेको हरिचोक बसले पुर्‍याइ दियो । करिब एक घण्टा जति कात्तिकको बिहानको थोरै चिसोमा बिताए पछि मिनु जाने सुमोलाई फोन गर्न लाग्यो ।

१७५० मिटरमा अवस्थित मिनुडाँडाबाट पहिलो दिनको पदयात्रा सुरू गर्दा बिहानको ९ बजेको थियो । त्यस अघी केही फलफुल खाएका थियौं हिड्न सहजताको लागि । सुरू सुरूमा साथीहरू पदयात्रा जादाँ पहाडको उकालो चढेर के हुन्छ भन्ने लाग्थ्यो । तर यस पटक हेटौंडा कै एक जना दाई शंकर बीरीले दशैं लगतैका भेटमा ट्रेकिङ जाने एबीसी भन्नुभयो । जती बेला म म बिमारी भएर भर्खरै उठेको थिए । मर्निङवाक समेत जान जाँगर चलेको थिएन । त्यसको दुई दिनपछि मर्निङवाक सुरू गरे ।

अरूले पदयात्रा गरेर सामाजिक सञ्जालमा भिडियो र फोटो राखेको देखिरहेको भएपनि पदयात्राको मोह नबढेको मलाई यसपाला हिमालको फेदीमा हिउँको सामिप्यतामा र उचाईको अनुभव लिने रहरले तानिरहेको थियो । १७५० मिटरमा अवस्थित मिनुडाँडाबाट पदयात्रा सुरू गर्दा नै चिसो मौसम र बाटोबाटै नजिकै देखिने माछापुच्छे र अन्नपूर्ण हिमाललाई आँखैमा राखेर एक घण्टा ३० मिनेट नाकै ठोकिने जस्तै उकालो उक्लिएपछि तुले युद्ध जिते जस्तै भएको थियो। बाटोमा फर्कदै गरेका पदयात्रीले यात्राको दश प्रतिशत उकालो सकियो भन्दा मने भर्खरै उक्लिएको उकालो सम्झिएर जिरिङ भइयो । पदयात्रा मार्गमा पर्ने छोमरोडमा विहानको खाना खादै गर्दा १२:३० बजेको थियो । खाना खाएपछि शरिरले आराम खोज्ने संकेत गरेको थियो । पहिलो दिनको निन्द्राले समेत आराम खोजेको हुनुपर्छ ।

छोमरोङबाट सिधै उरालो ओर्लिएर पुन उकालो सुरू गरी अपर सिनुवा पुगिने रहेको । देख्दा वल्लो पल्लो डाँडा नजिकै लागे पनि लोवर सिनुवा हुँदै अपर सिनुवा पुग्न ३ घण्टा लाग्यो । केही समय पहिला सिनुवा पुगिन्थ्यो होला उकालो उक्लदै गर्दाको घामको कारण हिडाइको रफ्तार बढाउन सकिएन र ३ घण्टा लाग्यो । सिनुवापछि आउने अर्को वेश क्याम्प बम्बो । एक घण्टा ३० मिनेट लाग्ने बाटो जंगलै जंगल हिड्नु पर्ने रहेछ । त्यो पदमार्गमा यो मार्गले थप आनन्दित बनाएको थियो । खोलाको छङछङ आवाज चिसो बतास र ठाउँठाउँमा भेटिने झरनाले अझ मोहित बनाएकोले बिहानदेखिको थकानलाई शितल बनाउँदै लगेको थियो ।

अर्को तर्फ एबीसी क्याम्पबाट फर्कने तथा जानेहरूको बाक्लै आवतजावत बाटो भरी देख्दा जंगलमा हिडेको अनुभव नै नहुने । हिड्दा हिड्दा शिथिल भएको बेला "शरीर थाके पनि जति हिँड्यो त्यति नजिक देखिने हिमालले शरीरमा थप ऊर्जा थप्ने रहेछ" हरेराम सर बाटोमा भन्दै हुनुहुन्थ्यो । प्राय: जंगलका पाखे भरी नियालोका बोट मात्रै देखिने हुँदा उक्त स्थानको नाम समेत दार्जिलिङका पदयात्रीले बम्बो राखिदिएको भन्ने सुनेको थिए त्यहाँ जानु अघि । डेड घण्टाको बाटोलाई २ घण्टा लगाएरै भएपनि पहिलो दिनको यात्रालाई विश्राम दिन बम्बो पुगियो बेलुकाको ५:३० बजे ।

तिहारको समय भएपनि फर्किने यात्रीहरूको उपस्थितिले गर्दा बासको व्यवस्थापनमा समस्या हुनसक्ने भएकोले पहिले नै बुक गरिएको होटलमा पुगेर आराम गर्न पाउँदा थकानलाई भुल्यौ भोली फेरी यात्रा गर्नु पर्ने समेत विर्सिएर । बेलुका यात्रामा देखिएका नियालोलाई दुसा खाने सिजन भदौसम्म हुने भन्दै थिए साथीहरूसँग । तर बेलुकाको खानामा नियालोको मुनाको तरकारी र त्यसैको अचार खाना खादाँ बल्ल बम्बो नामले सार्थकता पाएको महशुस गरियो । थाकेर हुँदा ओह्यानमा पल्टिने बित्तिकै निदाइयो ।

कात्तिक ५ गते बिहानै हिड्ने समयतालिका बनाइएको भएपनि होटलले प्याकेजमै उपलब्ध गराउने विहानको खाजाको पर्खाइले ६ बजेको थियो ।

देउराली (३३०० मिटर) मा बिहानको खाना खाएर केही बेर आराम गरी १ बजे त्यहाँबाट फेरी उकालो तर केही सजिलो बाटोबाट अन्नपूर्णको फेदीको गन्तव्य सामायौं । खानापछिको हिडाइ र उचाइ बढ्दै जादाँ हामीले १०-१५ पाइला अगाडी बढाउँदा नै स्वाँ स्वाँ हुने थकाइ महसुस हुन थालिसेको थियो । तैपनि हामीले सुस्तरी सस्तरी पाइला चालिरह्यौ । केही हिड्दै केही बेर थकाइ मार्दै उचाइमा हिड्दा खानेकुरा खादैं हामीले अन्नपूर्ण भन्दा एक स्टेप तलको क्याम्प पुग्दा दिउँसोको ३:४५ बजेको थियो । त्यो माछापुच्छे वेशक्याम्पबाट अन्नपूर्ण वेश पुग्न अझै १:३० देखि २ घण्टा लाग्ने जानकारी पाएपछि भने उचाइको हिसाबले माछापुच्छे क्याम्पमै बस्ने निधो गर्यौं ।

जब सुर्य अस्ताउँदै गयो त्यहाँबाट माछापुच्छे हिमाल सुन चैं चम्किए । त्यो दृश्य यती मनमोहक रह्यो की खिचिएका फोटो हेर्दा समेत आनन्द आउँछ । केही बेर सुर्य अस्ताउँदै गर्दा देखिने हिमालको दृश्यलाई क्यामेरामा कैद गर्दै गर्दा होटल साहुजीले गंगापूर्ण ग्यासियर पिकलगायतका हिमाल, ती हिमालको सेरोफेरोबाट जोडिने भूगोल समेतको जानकारी दिदै थिए । हामी पदयात्राको मजा लिनुको अलावा हिमाल र हिउँलाई नजिकैबाट स्पर्श गर्न हिडेका यात्री न थियौ । त्यसैमा रमाउँदै रह्यौ केही बेर । लसुनको तातो तातो सुप खायौं ।

माछापुच्छे क्याम्पको उचाई ३६०० मिटर रहेकोले हामी कम उचाइबाट गएकालाई केही असजिलो भएको थियो । साथमा चिसो त अत्यधिक थियो । स्याँस्या हुने केही गारो भएको जस्तो महसुस भएपनि केही समय पछि त्यो विस्तारै कम भयो र केही बेर निदायौं । कात्तिक ६ गते बिहान ३ बजेदेखिने त्यहाँ बसेका यात्री अन्नपूर्ण जाने हतारिए । हामी मने केही बेरको अलमल पछि ४:१५ बजे अध्यारोलाई टर्चको सहायतामे हटाउने प्रयास गर्दै उकालो लाग्यौ । बिहानको तिहिर्याउने चिसोमा हिड्दा जाडोले केही समय सताएको थियो तिहिर्याएर । हिड्दै गएपछि त्यो क्रम हट्दै गयो । करिब १ घण्टा हिडेपछि उज्यालिदै गयो । बाटोमा सानो पोखरी भेटियो त्यहाँ पुग्दा हिमाल टल्किएको प्रष्ट देखिदै थिए । माछापुच्छेलाई पछाडी छोडेर हिडेको हामी सबैतिर हिमालले घेरिएको स्थानको पोखरीमा पुग्दा अन्नपूर्णलाई त्यही पोखरीमा छायाँ पर्‍को देख्यौ। त्यो दृश्यले केही बेर हामीलाई अलमल्याउने नै भयो ।

मिसिएका साथीहरू र हामीले त्यहाँ केही बेर बितायौं। त्यहाँबाट ३० मिनेट हिडेपछि अन्नपूर्ण वेश क्याम्प (४१३० मिटर) लाई भेटायौ। अन्नपूर्ण क्याम्पमा पुग्दा घाम लाग्दै थियो हिमालका चाँदी जस्तो हिउँमा सुन मिसिदै गएझैं आनन्द महसुस गरियो । भाइटिकाको दिन हिमाललाई आँखैमा राखेर रमायौ हामी। बिहानसँगै गएका साथीहरूसँग समूहमा फोटो खिचेपछि हामीले विदाइका हात हल्लायौं, उहाँहरू केही बेर त्यही अलमलिने हुनु भएपछि ।

हामीले माछापुच्छे क्याम्पलाई पछ्यायौं जहाँ हाम्रो ब्याग थियो साथै बिहानको खाजाले समेत पर्खिरहेको थियो । बिहानको खाजापछि भाइटिकाको दिन पोखरा पुग्न नसकिने कम्तिमा पनि अपर सिनुवा समय भए लोवर सिनुवाको बसाइ हुने निश्चित गरी ३६०० मिटरबाट उचाइ घटाउने यात्रा सुरू गर्यौं । उकालो मन्दा उरालो झर्न अझै गाह्रो हुन्छ। देउराली, हिमालय, अपर दोभान, दोभान, बम्बो समेत गरी ५ वटा क्याम्पलाई पछि पार्दै अपर सिनुवा आइपुग्दा बेलुकाको ५:३० बजेको थियो ।

आउँदा आकाशमा बादल लागेको थियो । गह्यांङगुह्युङ गर्दै पानी छिटाएको थियो जंगलको बाटो भएर खासै अनुभव भएन । बम्बोबाट अपर सिनुवासम्म आउँदा पानीले चुहछ की भन्दै हिड्दै थियौं। तर पानी परेन । चिसो स्थानमा थप चिसोको महसुस गर्नु परेन । तिहारको टिकाको दिन भएकोले फर्कने तथा जादैं गरेका विदेशी केही केही नेपाली बाहेक खास चहल पहल थिएन । सिनुवामा बासको व्यवस्था भएपछि हामीले आराम गर्यौं । ओर लो झर्दा खुट्टा खादिएका थिए । परिवारसँग सम्पर्कमा रह्यौं ।

हतार गरी नहिड्ने बेलुकाको सल्लाह बमोजिम कात्तिक ७ गते बिहान ६ बजे खाजा लियौं र मिनुवालाई बिदाई गरी हिड्यौं । लोवर मिनुवा लोवर छोमरोङ छोमरोङ हुँदै पदयात्रा सुरू हुने स्थान मिनु डाँडा आइपुग्दा १२ बजेको थियो । यो बीचमा छोमरोङबाट केही तल अन्नपूर्ण संरक्षण क्षेत्रको अफिसमा ४ गते जाँदा इन्ट्री गरेको स्थानमा आउट गर्‍यौं । साथी सविनलाई अघिल्लो दिनने केही गारो भएको थियो हिडाइमा । आजपनि उहाँले पछ्याइरहनु भयो। म विस्तारै विस्तारै आउँछु तपाईहरू हिड्दै गर्नुहोस भन्दै हुनु हुन्थ्यो हामीले केही पर भएपनि पर्खिदै हिड्दै गरेका थियो । ओरालोमा (छोमरोङबाट मिनु) गाह्रो हुने भएकोले हामी दुई केही अघि भयौं । केहीबेर आराम गर्दा सविन सर आइपुग्नु भयो ।

कात्तिक ७ गते बिहानको खाना त्यही खायौं । साथीहरू अब रात्री बस चडे घर र तीको ११ बजेसम्म पुगिने भन्दै हुनुहुन्थ्यो । हिडाइले गाँदिएको गोडा र थाकेको शरीरलाई एक रात पोखरामा विसाउने र भोलिपल्ट हेटौंडा जाने सल्लाह गरे पछि पोखरा आउने सुमोबाट पोखराको लेकसाइड आइपुग्दा दिउँसोको ३:३० बजेको थियो । होटल खोजेर फ्रेस भएपछि फेवालातको किनारामा हुने आर तीमा आनन्दित भयौं करिब १ घण्टा । लेक साइड घुम्यौ । पोखरमा तिहार सकिएको र हेनछ । धौसे हेर्यो केही बेर । होटल फर्कदा रातीको १०:३० बजे सकेछ ।

पहाड चढ्नु मात्रै होइन, यात्राका क्रममा देखिने जनजीवनले थुप्रै जीवन उपयोगी कुरा सिक्न र देख्न पाइँदो रहेछ। आफ्नो देशको भूगोल, कला संस्कृति र सभ्यता बुझ्न तथा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्‍याउन समेत पनि पदयात्रा गर्न जरूरी देखिन्छ । धेरै पदयात्रा मार्गहरु दुर्गम गाउँहरु र जातीय समुदायहरु हुँदै जान्छन्, जसले गर्दा स्थानीय मानिसहरुसँग सांस्कृतिक आदानप्रदान र अन्तरक्रियाको अवसर प्रदान गर्दछ। पदयात्रीले आदिवासी संस्कृति, परम्परा, भाषा र जीवनशैलीको बारेमा सिक्न सक्छन्। शरीर चुस्त राख्न र मस्तिष्कलाई ताजा बनाउन पदयात्रा उपयुक्त हुनसक्छ ।

कपालमाथि नियम . . .

उत्सुकता भयो कपाल र महिलाको व्यक्तित्वलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा कस्तो देखिन्छ ? 'छोटो कपाल' बनाएका महिलाहरुको अनुभव के छ ? कपाल काटेर अधिकांश केटामान्छेले जस्तै गरी छोटो बनाएका महिलालाई विनाहिचकिचाहट 'किन ब्वाइज कट ?' भनी प्याच्च सोध्ने र नातेदारीको प्रभुत्व जमाएर गिराउन खोज्नेहरुलाई कसरी बेहोरे, बेवास्ता गरे कि तह लगाए ? महिलावादी दृष्टिकोणबाट कपालको समाजशास्त्रीय मनोविज्ञान, बजार र व्यावहारिक सहजतालाई कसरी बुझ्ने ?

यावत् प्रश्नको पृष्ठभूमिमा हिमालय माध्यमिक विद्यालयले छात्राका लागि बनाएको 'दुईचुल्ठे नियम' को सन्दर्भ छ । कपाल काटेका युवा तथा कामकाजी महिलाहरुसँग कुराकानी गर्दा सो सन्दर्भलाई विशेष ध्यानमा राखिएको थियो । प्रस्तुत छ, विभिन्न पेसा, व्यवसायमा सक्रिय रहेका र अधिकांश समय कपाल काटेका महिलाको अनुभव, चेतना र ज्ञानले खारिएका मनाइको सँगालो । अन्त्यमा सचेत अनुभवीका साझा कुरा पनि छ ।

वर्षौंको बोझ शरीरबाट उतारे जस्तो

सृजना खड्का, पत्रकार

मलाई आमाले 'कपाल छोरीमान्छेको गहना हो' भनेर हुर्काउनुभयो । थोरै कपाल काट्दा पनि म सबैभन्दा पहिला आमालाई सम्झन्थें, गाली गर्नुहुन्छ भनेर डराउँथें । आफू आत्मनिर्भर नहुँदासम्म छोटो कपाल बनाउनेबारे कल्पना पनि गर्न सकिनँ । तर, बिस्तारै बाक्लो, लामो कपाल रुचाहर्नुभन्दा मेरो प्राथमिकता पढाइ र कामतिर जान थाल्यो । त्यसपछि मैले थोरैथोरै गरेर कटाउँदै छोटो बनाउन थालें ।

यसरी नै एक दिन मलाई 'सर्टकट' कपाल कटाउन मन लाग्यो । धेरैले यसलाई 'ब्वाइज कट' पनि भन्छन् तर म यसो भन्न रूचाउन्नँ । छोटो कपाल केटाहरुको मात्रै हुँदैन, काटेपछि केटीहरुको पनि हुन्छ । आफ्नो लामो र बाक्लो कपाललाई छोटो बनाएको दिन मैले एकदमै हलुका महसुस गरें । धेरै वर्षदेखिको बोझ शरीरबाट उतारे जस्तो भयो ।

मैले २०७८ सालतिर आफ्नो कपाल मुण्डन गर्ने सोच बनाएँ र गरें पनि । त्यस बेला मलाई आफूमा केही परिवर्तन चाहिएको थियो । छोटो कपाल बनाउँदाभन्दा मुण्डन गर्दा झनै बेग्लै अनुभूति भएको थियो ।

कपाल छोटो बनाएपछि धेरैको प्रतिक्रिया आयो । तीमध्ये केही प्रतिक्रिया हुन्, 'यस्तो कपाल हुनेलाई कसले बिहे गर्छ ?', 'बिहे गर्ने उमेरमा किन कपाल काटेको ?', 'बिहेमा साडी लगाउँदा छोटो कपालमा सुहाउँदैन' यस्तै यस्तै । मैले ती कसैको कुरा सुनिनँ । आमालाई मने सम्झाएँ । आफूलाई सहज भएको र हल्का महसुस गरेको कुरा सुनाएँ । त्यस दिनदेखि उहाँले मेरो कपालबारे कहिल्यै केही भन्नु भएन ।

मैले २०७८ सालतिर आफ्नो कपाल मुण्डन गर्ने सोच बनाएँ र गरें पनि । त्यस बेला मलाई आफूमा केही परिवर्तन चाहिएको थियो । छोटो कपाल बनाउँदाभन्दा मुण्डन गर्दा झनै बेग्लै अनुभूति भएको थियो । कपाल मुण्डन गरेपछिको १० दिन मैले विपश्यना ध्यान केन्द्रमा बिताएकी थिएँ । त्यहाँबाट फर्किएपछि मने प्रतिक्रियाहरु आउन थालिहाल्यो ।

विपश्यनाबाट फर्किएको केही समयपछि मेरो साथी, अहिले जीवनसाथीले उसको आमासँग मलाई भेटाउने योजना बनायो । कपाललाई लिएर फेरि म अर्को अनावश्यक प्रतिक्रिया सुन्न चाहँदैनथें तर उसले जिद्दी गरेपछि भेटें । भेटमा उहाँले सोध्नुभयो तिमीलाई मसँग भेटन डर/अप्ठ्यारो केही लागेको थियो ? मैले भनें त्यस्तो त केही थिएन तर धेरैले मेरो कपाललाई लिएर टीकाटिप्पणी गर्छन् । तपाईंले पनि त्यही गर्नुहुन्छ होला भन्ने सोचेको थिएँ । यसमा उहाँको जवाफ थियो त्यो त तिम्रो 'च्वाइस' हो । मेरो छोटो कपाललाई लिएर अहिलेसम्म सुनेको सकारात्मक प्रतिक्रिया यही एउटा हो ।

मभित्र छुट्टै आत्मविश्वास बढेको छ

पुष्पा थपलिया, पत्रकार

म सेन्ट्रल डिपार्टमेन्ट अफ जर्नलिज्म एन्ड मास कम्युनिकेसनमा स्नातकोत्तर तह अध्ययनरत रहँदाको एउटा घटना बिर्सिने सक्दिनँ । बिहानी कक्षा भएकाले एक दिन मिरमिरेमै क्याम्पस पुगेकी थिएँ । क्याम्पस पुगेर लेडिज ट्वाइलेट गएँ । दुई जना केटी (छात्रा) हरु कपडा मिलाउँदै रहेछन् । म छिर्ने बित्तिकै उनीहरुले आर्त्तिदै 'यो त लेडिज ट्वाइलेट हो' भने । मैले 'त्यही भएर म यहाँ आएको' भनें । मेरो बोली (स्वर) सुनेर उनीहरु हाँस्दै बाहिर निस्किए ।

प्रतिक्रिया थरिथरिका हुन्छन् । म सार्वजनिक यातायातको प्रयोग गर्छु । त्यही भएकाले मेरो कपाल कटाइसँग त्यहाँका धेरै किस्सा जोडिएका छन् । कसैले मलाई अङ्कल भन्छन्, कसैले दाइ त कसैले भाइ ! महिला सिटमा बसेको बेला मलाई पुरूष भन्ठानेर सिटबाटै उठ्न पनि भनेका छन् ।

छोटो गरी कपाल काटेकै कारण पत्रकारिता क्षेत्रकै केही साथीहरुले मलाई 'लेस्बियन' हो पनि भन्दा रहेछन् । म विवाहित महिला हुँ भन्ने थाहा पाएपछि झसङ्ग भएकाहरु पनि धेरै भेटेको छु । कोही 'बाइसेक्सुअल' भन्छन्, कोही 'लेस्बियन' भन्छन् । तर म कसले मलाई के भन्छन् भन्ने कुरालाई वास्ता गर्दिनँ । म मान्छे हुँ, कपाल काटेपछि मभित्र छुट्टै आत्मविश्वास बढेको छ ।

पत्रकारितामा रातको समयमा पनि हिँड्न पर्छ । कपाल काटेपछि सबैभन्दा आनन्द रातको समयमा हुँदो रहेछ । कपाल लामो हुँदा केटा मान्छेहरुले पछ्याए जस्तो, घुरेर हेरे जस्तो अनुभूति हुन्थ्यो, अहिले त्यस्तो हुँदैन ।

नजिकिन खोजेको साथी साइड लाग्यो

फूलमती, अधिकारकर्मी

म प्रायजसो कपाल छोटो गर्छु । कहिलेकाहीं मुण्डन पनि गर्छु । 'प्रेम गर्छु, विवाह गरौं' भनेर मलाई बारम्बार दबाब दिइरहेको, 'फोर्स' गरिरहेको एउटा साथी थियो । मैले कपाल मुण्डन गरेपछि त्यो साथी मबाट साइड लाग्यो । हुन त मलाई कामको आवश्यकता थिएन । एक दिन साथीको कामको खोजीका लागि म एउटा अफिसमा पुगें ।

मैले त्यो अफिसको म्यानेजरलाई यत्तिकै भनें, 'मेरो लागि कस्तो काम खोजिदिने त सर रू' जवाफमा उहाँले 'तपाईंको कपाल नै छैन । न त तपाई मेकअप गरेर विटिक्क परेर हिँड्नुहुन्छ, तपाईंलाई त सबै ठाउँमा रिजेक्ट गरिदिन्छन् म्याम' भन्नुभयो ।

मलाई लाग्छ, एकातर्फ हाम्रो समाज पितृसत्तात्मक सोचले ग्रसित छ भने अर्कोतर्फ




दलाल पुँजीवादी व्यवस्थाको कब्जामा महिलाहरु छन् । यो दोहोरो मारमा परिरहेका महिलाहरुले आफ्नो सहजताका लागि कपाल मुण्डन गरेपछि महिलालाई वस्तुका रुपमा हेर्नेहरुले राम्रो मान्दैनन् ।

मेरो बुझाइमा महिलाले कपाल काटेको कुरा न त यो समाजलाई मन पर्छ, न त महिलालाई 'माल' बनाइरहेको पुँजीवादी व्यवस्थालाई नै । रोजगारीको खोजीमा रहेका महिलाहरुल काम नै नपाउन पनि सक्छन् । उनीहरुको क्षमता भन्दा पनि बजारले निर्धारण गरिएको सुन्दरताको मापदण्डमा यदि महिला फिट हुन् सकेन्न भने ।

मेरो बुझाइमा महिलाले कपाल काटेको कुरा न त यो समाजलाई मन पर्छ, न त महिलालाई 'माल' बनाइरहेको पुँजीवादी व्यवस्थालाई नै । समाजले आज पनि छोरीले कपाल काटेको, छोटो बनाएको कुरा पचाउन सक्दैन । यो मेरो आफ्नै भोगाइ पनि हो ।

छोरीको कपाल काटिदिँदा नै सजिलो

मीना स्वर्णकार, दलित अभियन्ता

म सानै हुँदादेखि मेरो कपाल छोटो हुने गरी काटिएको थियो । पहिले 'थाइकट' थियो, पछि त्यसलाई झन् छोटो बनाएँ । यो व्यक्तिको नितान्त इच्छाको कुरा हो । कपाल पाल्ने, राख्ने, मेकअप गर्ने, नगर्ने भन्ने कुरा व्यक्तिगत हुन् । महिला स्मार्ट हुनु भनेको कपाल पालेर र चुल्ठी बाटेर मात्र हुने होइन ।

महिलाको सौन्दर्य भनेको उनको कपाल र उनले लगाएको गाजल, चुरा, टीका, पोते होइन । उनको विचार हो । उनको शिक्षा हो । उनको सही व्यवहार हो । हामीकहाँ महिला भएपछि कपाल पाल्नैपर्छ भन्ने मनाइ र बुझाइ छ । यो सब रूढीवादी परम्पराको उपज हो । यसलाई चिर्न पर्छ भन्ने मलाई लाग्छ । सबैभन्दा पहिले त महिलाको सौन्दर्यसँग जोडिएका परम्परागत साधन वा वस्तुहरुको प्रयोग नगर्दा महिलाको सौन्दर्य नै हुँदैन भन्ने खालको विभेदकारी दृष्टिकोणमा आधारित सोच नै हटाउन जरूरी छ ।

म घरको एउटा मात्र छोरी । पहिले मलाई बुबाले 'कपाल पालेको राम्रो देखिन्छ छोरी, किन कपाल काट्यौ ?' भनेर भन्नुहुन्थ्यो । मैले उहाँलाई 'मलाई छोटो कपालमा नै सहज हुन्छ' भनें । कपाल कटाउँदा नै मलाई सहज हुने कुरा थाहा पाएपछि बुबाले केही भन्नु भएन । त्यसपछि परिवारका अरु सदस्यले पनि मलाई रोकटोक गर्नु भएन, केही भन्नु भएन ।

मलाई बाहिर साथीसङ्गी/आफन्तहरुले भने 'कपाल पाल, लामो कपालमा राम्रो देखिन्छ' भन्ने कुरा गर्नुहुन्थ्यो । सल्लाह पनि दिनुहुन्थ्यो । आज पनि हाम्रो समाजमा विवाहित महिलाले चुरा, टीका, पोते, सिन्दुर लगाउनुपर्छ, साडी चोलो लगाउनुपर्छ भन्ने सोच छ । मलाई लाग्छ, यो पनि महिलामाथि भेदभाव बढाउने एउटा रूढिवादी सोचको निरन्तरता हो ।

हाम्रै देशका महिला प्रधानन्यायाधीश भए, राष्ट्रपति भइसके, सभामुख भइसके । विश्वका कतिपय अरु राष्ट्रका प्रमुखमा पनि महिला छन् । हाम्रो समाज भने महिलाको कपाल हेरेर नचाहिने कुरा काढेर बस्छ । महिलाको सहजता र चाहनालाई नबुझी उनीमाथि गरिने टीकाटिप्पणी ठिक होइन । यसैले महिला यस्तो हुनुपर्छ, त्यस्तो हुनुपर्छ भन्ने बानी राम्रो होइन ।

सबैभन्दा पहिले त महिलाको सौन्दर्यसँग जोडिएका परम्परागत साधन वा वस्तुहरुको प्रयोग नगर्दा महिलाको सौन्दर्य नै हुँदैन भन्ने खालको विभेदकारी दृष्टिकोणमा आधारित सोच नै हटाउन जरूरी छ । जुन सोच घरैदेखि हट्नुपर्छ । घरकै मान्छेहरूदेखि हट्नुपर्छ । मलाई त लाग्छ, सजिलोको लागि पनि सानैदेखि सबै सन्तान एकै खालका देखिने गरी छोरीहरूको कपाल काटिदिए हुन्थ्यो, कटाउन लगाइदिए हुन्थ्यो ।

बाँकी पेज ५ मा

कपालमाथि नियम . . .

श्रीमान्को रहरले कपाल कटाएँ इन्दिरा सापकोटा,
संस्थापक, भोटु इन्दिरा सामाजिक कल्याण प्रतिष्ठान

मैले मेरो कपाल छोटो बनाउन थालेको ४५ वर्ष हुन लाग्यो । कपाल कटाउनु सबैका आ आफ्ना कारण होलान् तर मेरो भने मेरो श्रीमान्को रहर थियो । उहाँकै रहरले गर्दा मैले कपाल काटाएँ । वास्तवमा कपाल कस्तो बनाउने भन्ने मलाई केही वास्ता र रहर थिएन । श्रीमान्ले 'तिमी पनि कपाल काट न, राम्रो देखिन्छ' भनेपछि मैले मेरो कपाल काटैं ।

कपाल कटाएपछि थाहा भयो, छोटो कपाल नै राजिलो हुँदोरहेछ । त्यसपछि मलाई कपाल पाल्ने रहर नै लागेन । मैले कपाल कटाएपछि माइतमा आमालाई थाहा नहुने कुरो थिएन ।

मलाई आमाले माइत पस्नै दिनु भएन । मलाई उहाँले 'अब माइती आउने पर्दैन' भन्नुभयो । त्यति बेला म केही बोलिनँ । मलाई छोटो कपाल ठिक लागे पनि आमालाई ठिक लागेनछ भन्ने सोच आयो ।

म घरकी जेठी छोरी, १३ वर्षमै मेरो बिहे गर्दिनुभएको थियो । मेरा दुई जना बहिनीले पनि कपाल कटाएका थिए तर आमाले उनीहरुलाई केही पनि भन्नु भएन । उनीहरु पढेलेखेका थिए । पैसा कमाउँथे । मसँग त्यति बेला पैसा कमाउने बाटो थिएन । त्यो भएर पनि मलाई र बहिनीहरुलाई फरक व्यवहार गर्नुभयो होला भन्ने लाग्छ ।

कपाल कटाएपछि मैले भने एकदमै सहज महसुस गरैं । अहिले म ८६ वर्ष पुगिसकैं । यो उमेरमा त झन् कति सजिलो, नुहाउन, कोर्न । मेरो बेलामा मात्र होइन, अहिले पनि कतिपय व्यक्तिमा केटाले मात्र कपाल कटाउनुपर्छ, केटीहरुको कपाल लामै हुनुपर्छ भन्ने सोच छ । मलाई लाग्छ, यी र यस्तो विभेदकारी कुरा समाजमा हुनु भनेको सङ्कुचित सोचको उपज मात्रै हो । कपाल कस्तो बनाउने भन्ने चाहिं व्यक्तिगत स्वतन्त्रता र सहजता महसुस गर्ने कुरा पनि हो ।

बुबाले नै कपाल कटाउन लैजानुभयो
सन्जुला रानापल,विद्यार्थी,

मेरो कपालको 'क्वालिटी' मलाई खासै मन परेको थिएन । मेरो बुबालाई पनि मन परेको थिएन । राम्रो हुन्छ कि भनेर पाँच वर्षसम्म नरिवलको तेल लगाइरहैं तर उस्तै रह्यो, क्वालिटीमा सुधार आएन । एक दिन बुबाले मेरो कपाल छुनुभयो र मुख बिगार्नुभयो अनि 'ल हिँड, यो कपाल पुरै छाटौं' भन्नुभयो । उहाँ र म हजामकोमा गयौं र फेदैसम्म काटेर मुठुलो पार्न लगायौं ।

मैले पहिलो पटक कपाल कटाउँदा बैशाख १ गते नयाँ वर्षको दिन थियो । नयाँ वर्षमा नयाँ 'लुक्स' भन्न पनि भयो । मैले त्यसरी कपाल

कटाइसकेपछि अनेक थरिका प्रश्नहरु आए । कसैले 'किन कपाल काटेको ?' भने । कसैले 'कपाल काटेपछि ऐनामा हेर्दा आफूलाई चिन्नुहुन्छ ?' भने । मलाई 'हिजडा जस्तो देखेको छ तर माइन्ड नगर ल' भन्दै हाँस्नेहरु पनि धेरै थिए ।

कतिले 'ए भाइ' भनेर पनि बोलाउँथे । कतिले शरीरमा तलदेखि माथिसम्म अप्ठ्यारो लाग्ने गरी हेरेर 'यो केटा हो कि केटी हो ?' पनि भन्थे । कतिले 'स्याम्पू बचाउनका लागि !' भनेर पनि उडाउँथे ।

अरुले मलाई छोरीमान्छे भन्दै विभेदका आँखा लगाएर 'जज' गर्ने होइन, म पनि त्यही तरिकाले जज गरेर अरुको व्यक्तिगत जीवनमा हस्तक्षेप गर्न चाहन्नँ ।

मलाई केही केटी साथीहरुले मात्रै सकारात्मक प्रतिक्रिया दिएका थिए । उनीहरुले 'कस्तो कुल देखिएको' भने । जसले जे भने पनि मलाई सबैभन्दा सजिलो नुहाउनलाई भयो । यति सजिलो र छिटो भयो कि, बोनसमै टाउको नुहाए जस्तो लाग्ने । रबर, क्लिप, काँटा किन्ने र लगाउने झन्झट पनि भएन ।

कपाल कटाइसकेपछि मलाई ऐना हेर्दा पनि मज्जा लाग्यो । अहिले पनि उत्तिकै मजा लाग्छ । महिला भएपछि यो कुराहरु मात्र गर्नुपर्छ, यस्तै हुनुपर्छ भनेर समाजले भनेका कारण यी सबै प्रश्न र प्रतिक्रिया आएका हुन्, जुन गलत हो । यो पनि मलाई थाहा छ, कपाल काटौं कि नकाटौं ? कटाउँ कि नकटाउँ ? काटे पनि कस्तो काटौं, कति काटौं ? नकाटे पनि बाटौं कि नबाटौं या जे जस्तो गरौं ? त्यो मेरो व्यक्तिगत इच्छाको कुरा हो । अरुले मलाई छोरीमान्छे भन्दै विभेदका आँखा लगाएर 'जज' गर्ने होइन, म पनि त्यही तरिकाले जज गरेर अरुको व्यक्तिगत जीवनमा हस्तक्षेप गर्न चाहन्नँ ।

सामान्य कुरा हो तर जटिल बनाइएको
डा. मीना पौडेल, समाजशास्त्री

मैले सहजताको लागि कपाल छोटो पारेको छु । मलाई साडी, कुर्ता लगाउन मन पर्दैन । यी सब लगाउन मात्रै होइन, लगाइसकेपछि सँभाल्न पनि सजिलो लाग्दैन । म चाहिं छोटो कपाल हुनुमै फाइदा देख्छु । छोटो कपाल हुँदा कपालको स्याहार गर्ने समयको बचत हुन्छ, नुहाउन सजिलो, कोर्न सजिलो अथवा काइँयो नै नलगाई हातैले मिलाए पनि भइहाल्यो ।

तर समाजमा लुगा र कपाल जस्ता नितान्त व्यक्तिगत मामलाहरू पनि परिवार र समाजको दृष्टिकोणबाट हेरिन्छ मात्र होइन, सामाजिक मापदण्ड नै तय गरिन्छ र लैङ्गिक तुलोमा जोखेर भनिन्छ महिलाको कपाल र उसले लगाउने पहिरन यस्तो हुँदा इज्जतिलो हुन्छ र उस्तो हुँदा इज्जतिलो हुँदैन ।

समाजको यही पुरातन चिन्तन र बुझाइले मलाई केटाले लगाउने जस्तो पहिरन गर्ने, केटाको जस्तो कपाल बनाउने भन्थे । समाजले महिला र पुरूषलाई तोकेको सीमाबाट फरक देखिनुभयो भने मलाई जस्तै तपाईंलाई पनि समाजको संस्कृतिलाई नमानेको, बिगारेको, समाजको विपरित हिँडेको भनिन्छ ।

मूल कुरा भनेको यी र यस्ता भ्रामक टिकाटिप्पणीबाट हामी विचलित हुनु हुँदैन, बरू सम्भावित हिंसा, झन्झट र असहज हुने खालका यस्ता गरगहना, पहिरन र व्यर्थका शृङ्गारपटारबाट ठाढा रही त्यस्ता अनावश्यक वस्तुमा लाग्ने आर्थिक स्रोत र समयलाई ज्ञान र चेतनाको बृहत सामाजिक हितका पक्षमा आफूलाई केन्द्रित गर्नुपर्छ । समाजमा प्रतिस्पर्धा शृङ्गार, गरगहना र पहिरनलाई प्राथमिकता दिनुको सट्टा ज्ञान, चेतना र विवेकका आधारमा सामाजिक अन्तरसम्बन्ध बिस्तार गर्दा समाज रूपान्तरणमा सहयोग हुन्छ । आफैंलाई बाँध्ने र असहज हुने पहिरन र शृङ्गारिक सुन्दरताको भ्रममा स्वयंम महिलाहरु लाग्नु हुँदैन ।

घरले कपाल पाल्नुपर्छ, छोरीमान्छेको कपाल लामो हुनुपर्छ भन्दिने र विद्यालयहरुले छात्राहरुलाई दुई चुल्ठी बाद्न अनिवार्य गर्दिने, यी दुबै गलत सोचका उपज हुन् ।

महिलामाथि यस्ता टिप्पणीहरु गर्नु भनेको महिलाको यौनिकता, महिलाको पहिचान, महिलाको बाहिर देखिने व्यक्तित्वलाई पुरानो सोचबाट हेरिनु हो । पुरूष हुने बित्तिकै छोटो कपाल हुनुपर्छ भन्ने सोच हुन्छ । त्यसैले महिलाले छोटो गरी कपाल कटाउने बित्तिकै 'ह्वाइज कट' गरेको र पुरूषले लामो कपाल पाल्यो भने उसलाई 'केटीको जस्तो कपाल पालेको' भनिन्छ ।

मानिसलाई उसको कामको प्रकृति, योग्यता, क्षमताभन्दा पनि कपाल, लुगा, जुत्ता आदिलाई हेरिन्छ । त्यसैले म कतिपय बिहे, पार्टीमा जाँदिनँ । नजानुको कारण त्यहाँ मलाई देखेर कुरा गर्न थाल्छन्, जसले मलाई असहज हुन्छ । हुन त यस्ता कुरालाई धेरै बेवास्ता गर्दै गएँ तर पनि कतिपय ठाउँ र त्यहाँको माहोलको बिचमा कतिपय मानिसको रूढीले भरिएको प्रश्नले गर्दा अर्को पटक त्यस ठाउँमा जान मलाई मन लाग्दैन ।

कतिपय त्यस्ता ठाउँमा भने मन र जाँगर नलागे पनि जानुपर्ने हुन्छ । गयो भने फेरि अवस्था उही हुन्छ, मानिसहरु हेर्न थाल्छन्, प्रश्न गर्न थाल्छन् । मलाई थाहा छ, पटक पटक यस्तो भएपछि समाजमा भएका सांस्कृतिक, सामाजिक क्रियाकलापमा आफूलाई बन्देज गर्न मानिस बाध्य हुन पुग्छ । यस्तो हुनु भनेको सामाजिक गतिविधिमा समतावादी परिवर्तन चाहनेले आफूलाई बन्देज गर्नु पनि हो ।

पुरातन सोच बोकेका मानिसहरुको अनावश्यक प्रश्नका कारण सहजता र स्वतन्त्रतापूर्वक आफ्नो व्यक्तित्व बनाइरहेका मानिसले सामाजिक गतिविधिमै बन्देज लगाउनुपर्ने अवस्था हुन्छ । यसले उनीहरुको मनोविज्ञानमा नकारात्मक असर पर्छ । हुन त कपाल छोटो बनाउने कि लामो भन्ने कुरा सामान्य हो । यो व्यक्तिको इच्छाको कुरा हो तर यसप्रतिको विभेदकारी दृष्टिकोणले भरिएको टिप्पणीले मानिसको जीवनमा दीर्घकालीन नकारात्मक असर पर्न जान्छ ।

घरले कपाल पाल्नुपर्छ, छोरीमान्छेको कपाल लामो हुनुपर्छ भन्दिने र विद्यालयहरुले छात्राहरुलाई दुई चुल्ठी बाद्न अनिवार्य गर्दिने, यी दुबै गलत सोचका उपज हुन् । यस्तो गर्नु विभेदलाई नै निरन्तरता दिनु हो । यसैले यो गलत हो । यो खालको हाम्रो शिक्षा धार्मिक रूढिवादमा आधारित विभेदित नैतिक शिक्षाको उपज हो । यस्तो शिक्षाले महिलालाई चेतना दिने, अधिकार मुखी बनाउनेभन्दा पनि सामन्ती नैतिकता सिकाउँछ ।

सुन्दरतादेखि बजारीकरणको चपेटासम्म
मीना उप्रेती, समाजशास्त्री

पहिलेपहिले महिलाको 'सुन्दरता' सँग जोडिएको कपाल अहिले बजार सँग जोडिएको छ । बजारसँग जोडिनु भनेको महिलाको सुन्दरताको बेचबिखन र मोलमोलाइ हुनु हो । हिजो कैलो कपाल भएका महिलालाई अलच्छिना हुन्छ भन्थे, विज्ञापनको बजारले गर्दा अहिले कैलो, खैरो कपालको फेसन नै चलेको छ ।

कपालको रङमा आफ्नो कमाइको कति पैसा गाइरहेको छ भनेर कसैले हेरेको छैन । त्यसैले अहिले एक त बजारले महिलाको कपाललाई प्रयोग गरेर पैसा कमाइरहेको छ । छोरीमान्छे वा महिलाको कपाल लामो हुनुपर्छ भन्ने पुराना मान्यता, अनेकौं डिजाइन र रङका कपाल बनाउने होडभन्दा माथि रहनुपर्छ ।

साथै, महिलाले होस् या पुरूषले आफ्नो इच्छा र सहजता हेरेर आफ्नो टाउकाको कपाल पाल्ने कि काट्ने कि कटाउने बारेमा निर्णय गर्न पाउनुपर्छ । यो कुरामा अर्काले टीकाटिप्पणी गर्ने होइन । कुन समयमा आफूलाई के कस्तो कपाल बनाउन मन लाग्छ, त्यो कुरा व्यक्ति आफैंले

सन्तानलाई घरदेखि नै कृत्रिम विभेदमा राखेर होइन, समतामूलक र समन्यायिक भावका साथ मानव बन्न सक्ने गरी हुर्काऔं । त्यसमा शैक्षिक संस्थाले नियमका बहानामा कुनै पनि हस्तक्षेप गर्न नखोजोस् ।

सोचेर गर्न पाउनुपर्छ । हामीले अब यस्तै सोच बनाउनुपर्छ ।

सचेत अनुभवीका साझा भावको विश्लेषण

पितृसत्तात्मक समाजले महिला कस्तो हुनुपर्ने र पुरूष कस्तो हुनुपर्ने भनेर फरक बिम्ब बनाइदिएको कुरा अब धेरैबाट लुकेको छैन । त्यस्तैमध्येको एउटा बिम्ब हो, लामो वा छोटो कपाल । कुनै पनि बच्चा हुर्किने क्रममा उ आफैंले आफ्ना बारेमा केही पनि निर्णय गर्न सक्दैन । यस्तै अवस्थादेखि नै छोरीलाई 'कस्तो राम्रो कपाल', 'कपाल लामो पार्नुपर्छ है !' भनेर सिकाइन्छ । कपालमा 'चिम्टी, क्लिप, धागो लगाउनुपर्छ' भनेर दिइन्छ अनि 'यी यसरी लगाउने' भनेर सधाइन्छ ।

छोरालाई भने लामो भयो भन्दै कपाल कटाउन हजामकहाँ लगिन्छ । चिम्टी, क्लिप, धागो त लगभग छुन पनि दिइँदैन । बरू कपालमा ती वस्तु लगाएका केटीमान्छेलाई कस्तो राम्री भन्दै हेर्न सिकाइन्छ । यस्तै यस्तै प्रक्रियाबाट सुरू हुन्छ, छोरालाई महिला हेप्ने पुरूषको रुपमा र छोरीलाई पुरूषको हेराइमा राम्री बन्ने महिलाको रुपमा हुर्काउँदै लग्ने काम । यसरी दुवैलाई समान तहका मानव हुनेभन्दा पनि असमान तहका महिला र पुरूष हुने तरिकाले हुर्काइन्छ ।

सामाजिकीकरणमा पनि महिला र पुरूषका रुपमा एकलाई शक्तिहीन र अर्कोलाई शक्तिशाली भन्ने भाव घोलेर हुर्काउँदै लगिएको हुन्छ । त्यही क्रममा लामो कपाललाई 'महिलाको गहना' को रुपमा बुझिन्छ र त्यही सोचमा अडिएर परिभाषित गरिन्छ । यस्तो हुने गरेको छ अझै पनि । कपाल छोटो बनायो भने कस्ता कस्तासम्म प्रश्नको सामना गर्नुपर्छ भन्ने अनुभव गर्नेहरु यही समाजमा छन् ।

केही प्रतिनिधि उदाहरण पनि यहाँ आइसकेका छन् । यो देशको राजधानी काठमाडौंको कुरा हो । यहाँको मिश्रित समाजले देशको पनि केही न केही प्रतिनिधित्व अवश्य गर्न सक्छ । कपालका सवालमा विभिन्न ठाउँका घरमा मात्रै होइन, विद्यालयमा पनि छात्राहरु विभेदित तरिकाले निर्देशित छन् । तिनका लागि छोटो कपाल र फुक्काफाल जीवन बाँच्न पाउने छुट छैन । लामो कपाललाई पनि तलमाथि गर्ने होइन भने जस्तो गरी 'दुईचुल्ठे नियम' मै बाटेर रातो, पहेँलो, हरियो, निलो आदि रङको रिबन लगाउनुपर्ने नियम बनाइएका हुन्छन् । सहरबजारका कतिपय विद्यालयहरुले छात्राहरुका लागि दुई चुल्ठी नै बाद्नुपर्ने कडा नियम बनाएका छन् । कतिपय विद्यालयहरुले एक चुल्ठी मात्रै बाद्ने अथवा बाँध्ने मात्र पनि गर्न नपाइने गरी कडाइका साथ निगरानी नै गरेका हुन्छन् ।

विद्यालयमा सन्तानमाथि दुर्व्यवहार होला भन्ने डरले अभिभावकहरु सार्वजनिक भने हुन सकेका छैनन् । व्यस्त दैनिकीमा उनिएका सचेत अभिभावकहरु छोरीको कपाललाई दुई चुल्ठी बाटिदिनुपर्दा आफ्नो समय मात्र होइन, समतामूलक चेत पनि खेर गएकोमा मुर्मुरिने गरेका छन् । लैङ्गिक समानताका बारेमा सचेत, एकल परिवारमा आर्थिक आत्मनिर्भरताका साथ व्यस्त जीवन चलाइरहेका अभिभावकहरु विद्यालयमा हुने गरेका दुईचुल्ठे नियम जस्तै कतिपय विभेदकारी व्यवहारबाट आजित भइसकेको बताउँछन् ।

एकातिर अभिभावकहरु समाचार र सामाजिक सञ्जालमा खुलेर आउन मने चाहँदैनन् । विद्यालयमा आफ्नो सन्तानलाई कुनै तरिकाले 'टार्गेट' पो गरिने हो कि भन्ने डरले उनीहरुलाई नराम्ररी घेरेको छ । अर्कोतिर कतिपय शिक्षण संस्थाका मालिकहरुले समतामूलक समाज रुपान्तरणको मूलमर्मलाई नै नबुझिरहेको जस्तो पनि देखिन्छ । कुनै पनि विद्यालयमा लादिएका विभेदकारी र जडसूत्रवादी नियम यसका उदाहरण हुन् । बाटो बिराउँदै गरेका विद्यालयका कर्तधर्ताहरुलाई सही बाटो देखाउन सक्ने मनेका सचेत अनुभवी व्यक्तिहरु नै हुन् । असमानताको सवालमा सबैभन्दा बढी जानकार र प्रभावित भएका र हुने व्यक्ति पनि महिलाहरु नै हुन् । महिलाको आवाजलाई पुरातनवादी समाजमा उचित र सम्मानजनक स्थान पनि दिइँदैन । त्यो 'सन्धान' ले बुझेको छ । यसैले कपालका सवालमा पनि महिलाको अनुभवी आवाजलाई नै प्राथमिकतामा लिइएको हो ।

सन्तानलाई घरदेखि नै कृत्रिम विभेदमा राखेर होइन, समतामूलक र समन्यायिक भावका साथ मानव बन्न सक्ने गरी हुर्काऔं । त्यसमा शैक्षिक संस्थाले नियमका बहानामा कुनै पनि हस्तक्षेप गर्न नखोजोस् । हस्तक्षेपलाई थाहा पाएर पनि आफूलाई छोरीको दुईचुल्ठो बाद्न विवश ठान्ने व्यस्त तर सचेत अभिभावकहरु पनि हिम्मत गरौं । विद्यालयले कतै आफ्नो सन्तानमाथि नै केही गरिदिने पो हो कि भनी चुप्पी कसेर नबसौं । असल समाज निर्माणका लागि सचेतता र समझदारीपूर्वक साझेदारी खोजौं । बेलैमा हातेमालो गरी सार्वजनिक खबरदारी पनि गरौं । *सन्धान*मा २०८२ कार्तिक १३ गते, बिहिवार प्रकाशित सामग्री हामीले साभार गरेका हौं ।

एन्फा प्रेसिडेन्ट लिग: चित्लाङको विजयी सुरुवात



○सहीखर संवाददाता

मकवानपुर । हेटौंडामा बुधबारबाट सुरू भएको एन्फा प्रेसिडेण्ट लिग फुटबल प्रतियोगितामा चित्लाङ फुटबल क्लब (काठमाडौं) विजयी भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा बुधबारबाट हेटौंडा ६ स्थित गौरीटार रंगशालामा सुरू प्रतियोगितामा चित्लाङ फुटबल क्लब (काठमाडौं) ले देउराली युथ क्लब (देउराली)लाई पराजित गर्दै विजयी यात्रा सुरू गरेको हो ।

प्रतियोगिताको उद्घाटन खेलमा चित्लाङले ४-१ गोलअन्तरले देउरालीलाई हराएको हो । चित्लाङका लागि चन्दन कुमार दासले ३१ औं, लाहान सुब्बाले ४७ औं, विज्ञान खड्काले ४८ औं र मदन स्याङ्तानले ८८ औं मिनेटमा गोल गरे ।

देउरालीका लागि रामचन्द्र वाजीले दोस्रो हाफको अतिरिक्त समयको तेस्रो मिनेटमा एक गोल फर्काए । प्लेयर अफ द म्याच चित्लाङका जय गुरूङ घोषित भए । उनले ५ हजार रूपैयाँ प्राप्त गरे ।

यस्तै दोस्रो खेलमा विजय स्पोर्ट्स क्लब (कैलाली) र लालीगुराँस एसोसिएसन क्लब (कास्की) ले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन् । प्लेयर अफ दि म्याच लालीगुराँसका सुरज जंग ठकुरी घोषित भए । उनले ५ हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगिता लिग कम नकआउट आधारमा सञ्चालन भइरहेको छ । प्रतियोगिता आगामी मंसिर ३ गतेसम्म सञ्चालन हुनेछ ।

प्रतियोगिताको विजेता टिमले १० लाख रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता ५ लाख रूपैयाँ प्राप्त गर्नेछन् ।

१० वटा पार्टी मिलेर बन्यो नेपाली कम्युनिस्ट पार्टी



○ सहीखबर संवाददाता

मकवानपुर । विभिन्न १० वटा कम्युनिस्ट घटकहरु मिलेर नेपाली कम्युनिस्ट पार्टी घोषणा गरिएको छ । काठमाडौंको भृकुटीमण्डपमा बुधबार आयोजित कार्यक्रमकाबीच एकता घोषणा गरिएको हो ।

नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी लगायतका १० वटा दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीको संयोजकमा पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजकमा माधवकुमार नेपाल चयन भएका छन् ।

बुधबार एकता घोषणापछि भएको सम्मेलनमा प्रचण्ड संयोजक र सहसंयोजकमा नेपाललाई चयन गर्न नेता महेन्दराय यादवले प्रस्ताव गरेका थिए । यादवको प्रस्तावलाई हलले ताली बजाएर समर्थन गरेको थियो ।

यसैबीच नेपाली कम्युनिस्ट पार्टीले घोषणापत्र सार्वजनिक गरेको छ। एकता सभामा नवगठित पार्टीको ३३ बुँदे घोषणापत्र नेता देव गुरूङले सार्वजनिक गरेका हुन्। पार्टीको एकता सम्मेलनले विभिन्न ९ बुँदे प्रस्ताव पारित गरेको छ।

काठमाडौंमा जारी सम्मेलनले पार्टीको नाम, चुनाव चिह्नलगायतका विभिन्न ९ बुँदे प्रस्ताव पारित गरेको हो । सम्मेलनमा वर्षमान पुन अनन्तले प्रस्तुत गरेका प्रस्तावलाई प्रतिनिधिहरुले अनुमोदन गरेका हुन्।

यी हुन् ९ बुँदे प्रस्ताव

१.एकता प्रक्रियामा सहभागी पार्टीहरुले पार्टी एकता गरेर 'नेपाली कम्युनिष्ट पार्टी' निर्माण गर्ने निर्णय गरिएको छ।

२.चुनाव चिह्न 'पाँच कुने तारा' राख्ने निर्णय गरिएको छ।

३.एकतामा सहभागी सबै सदस्यहरु अबदेखि नेपाली कम्युनिष्ट पार्टीका सदस्य हुने निर्णय गरिएको छ।

४.एकतामा सहभागी सबै पार्टीका नेताहरुसँग आवश्यक परामर्श गरेर पार्टीका केन्द्रीय संरचनाहरुलाई पूर्णता दिने र संगठनात्मक समायोजन सम्बन्धी काम गर्ने तथा यसअघि सबै घटकका केन्द्रीय समितिलाई समायोजन गरी केन्द्रीय समिति निर्माण गर्ने निर्णय गरिएको छ।

५. केन्द्रीय संरचनाहरुलाई पूर्णता दिने र संगठनात्मक समायोजनसम्बन्धी काम गर्ने अस्थियारी पार्टीका संयोजक र सहसंयोजकलाई दिने प्रस्ताव गरिएको छ।

६.विगतका प्रतिनिधिसभा, राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय तहमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा माओवादी समाजवादीको चुनाव चिह्नबाट निर्वाचित जनप्रतिनिधिहरु अबदेखि नेपाली कम्युनिष्ट पार्टीका जनप्रतिनिधि हुनेछन्।

७. पार्टी एकतामा सामेल सबै पार्टीहरुको चलअचल, बैंक मौज्दातलगायतका सम्पत्तिको स्वामित्व र दायित्व अबदेखि नेपाली कम्युनिष्ट पार्टीको स्वामित्वमा रहनेछ।

८. नेपाली कम्युनिष्ट पार्टीको घोषणापत्र पारित गरिएको छ।

९.नेपाली कम्युनिष्ट पार्टीको विधान छलफल र आवश्यक सुझावसहित पारित गरिएको छ।

कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गराऔं

- ☐ २०८२ साल फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्न कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गरौं ।
- ☐ नाम दर्ता गर्न १६ बर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको हुनु पर्दछ,
- ☐ नाम दर्ता गर्न https://applyvr.ecn.gov.np मा लगइन गरी अनलाईनप्रणाली मार्फत फारम भर्न सकिन्छ,
- ☐ आफुलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो, औठाछाप) दिनु पर्दछ,
- ☐ आफु बसेको स्थानबाटै मतदान गर्ने भए बसाइँसराईको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्दछ,
- ☐ १८ बर्ष उमेर पुरा भएका नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त प्रत्येक नेपाली नागरिकले मात्र मतदानमा सहभागी हुन पाउनेछन्,

मतदान गर्नु नागरिकको अधिकार मात्र होइन कर्तब्य पनि हो, तसर्थ फागुन २१ को निर्वाचनमा मतदान गर्न तयार होऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं

- ❖ असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- ❖ सन्तुलित र स्वस्थ खाना खाऔं,
- ❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- ❖ मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- ❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
- ❖ तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड